## नवौं राष्ट्रिय परिवार योजना दिवस सेप्टेम्बर १८, २०२२ (२ असोज २०७९) को सन्दर्भमा ईच्छुक महानुभावहरुलाई आफ्नो सृजनात्मक लेख रचनाहरु प्रस्तुतिकरण गर्ने सम्बन्धी

## सूचना

" **व्यवस्थित परिवार, हाम्रो अधिकार: हामी जिम्मेवार**" भन्ने मूल नाराका साथ मनाउन लागिएको **नवौं परिवार नियोजन दिवस** (सेप्टेम्बर १८, २०२२) का अवसरमा परिवार नियोजन सम्बन्धि लेख, रचना, घटना सहितको लेखन कार्य गरी दैनिक, साप्ताहिक, पत्रिका तथा अनलाईन पत्रिकामा वा फोटो/भिडियो तयार गरी TikTok, Facebook, YouTube, Twitter, Instagram लगाएतका अन्य सामाजिक मिडिया आदिमा आफ्नो सृजना प्रकाशन गर्नका लागि ईच्छुक सबै महानुभावहरूलाई सूचित गरिन्छ।

**१) लेख /रचनाको प्रकाशन सम्बन्धमा:**

- मिति २०७९ असोज १ गते देखि १० गते भित्र प्रकाशन गरिएका लेख/रचनाहरुलाई मात्र प्रतियोगितमा समावेश गरिने छ।
- लेख/रचना नेपाली वा अंग्रेजी भाषामा प्रिन्ट मिडिया वा अनलाइन समाचार पोर्टलमा प्रकाशित गर्न सकिने छ।
- प्रतियोगितामा सामेल हुन लेखक स्वयंले आफ्नो प्रकाशित लेखको MS Word file; लेख प्रकाशित भएको मिति खुल्ने गरि प्रकाशित भागको छाँयाप्रति वा अनलाईन लिंक, आफ्नो संपर्क नं सहित पुष्ट्याँई हुने अन्य कागजात परिवार योजना तथा प्रजनन् स्वास्थ्य शाखा, परिवार कल्याण महाशाखाको ईमेल: fprhsectionfwd@gmail.com मा असोज मसान्त भित्र पठाउनुपर्ने छ।
- प्रकाशन भएका लेखहरुको मूल्यांकन गरी उत्कृष्ट केही लेख/रचनाहरुलाई प्रोत्साहन स्वरुप मायाको चिनो प्रदान गरिनेछ। र उत्कृष्ट लेख/रचनाहरुलाई संग्रहित गरी नवौँ परिवार योजना दिवस विशेष स्मारिकामा प्रकाशन गरिने छ।

**२ ) सामाजिक मिडियामा रचना प्रकाशन सम्बन्धमा**

- परिवार योजना सम्बन्धमा कुनै पनि रचना (लेख, ब्लग, कविता, भिडियो ३ मिनेट सम्म, टिकटक भिडियो, पोस्टर, रेखाचित्र, चित्रकला, डिजिटल कथा, क्याप्शन सहितको फोटो सन्देश, आदि) तयार पारी ईच्छुक सर्जकले ह्यासट्याग (**#FP2022 #FPforALL**) गरी सामाजिक संजालमार्फत प्रकाशन गर्नुपर्ने छ।
- सबैभन्दा बढी like, comment र share हुने रचनालाई छनोट गरी प्रोत्साहन स्वरुप मायाको चिनो प्रदान गरिने छ।
- छनोट भएका रचना परिवार कल्याण महाशाखाको फेसबुक पेज का साथै रचनाहरुलाई संग्रहित गरी नवौँ परिवार योजना दिवस विशेष स्मारिकामा प्रकाशन गरिने छ।
- उत्कृष्ट रचनाकारहरुलाई परिवार कल्याण महाशाखाले उचित प्रोत्साहनका लागि सम्पर्क गर्नेछ।
- मिति २०७९ असोज १ गते देखि १० (१७-२६ सेप्टेम्बर,२०२२) गते भित्र प्रकाशन गरिएका रचनाहरुलाई मात्र प्रतियोगितमा समावेश गरिनेछ।

**निर्देशक**